नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सूचना व्यवस्थापन शाखा

सिंहदरवार, काठमाडौं
फोनः ४२११९०३, ४२११०७९

प.स. २०७५/०७६
च.नं. छुट १६

मितिः-२०७६/०२/०६

**बिषय : छुट तथा पुनः जाँच सर्वेक्षण संचालन सम्बन्धमा ।**

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन),
नुवाकोट,धादिङग,काठमाण्डौं,सिन्धुली,गोरखा,रामेछाप,दोलखा,मकवानपुर,सिन्धुपाल्चोक,काभ्रेपलान्चोक,
ओखलढुङ्गा,ललितपुर,भक्तपुर,धनकुटा,पाल्पा,वाग्लुङग,कास्की,चितवन,लमजुङग,रसुवा ।
श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),
नवलपरासी,संखुवासभा,पर्वत,सोलुखुम्बु,खोटाङग,भोजपुर,तनहुँ,स्याङजा,गुल्मी,अर्घाखाँची,म्याग्दी ।

उपर्युक्त सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट हाल सञ्चालन भैरहेको छुट तथा पुनः जाँच सर्वेक्षण २०७५ को स्थलगत लगत संकलन कार्यलाई उच्च प्राथमिकतामा राखी कार्य गरी २०७६ जेष्ठ मसान्त सम्ममा सर्वेक्षणको कार्य सम्पन्न गर्न यस अगाडी पनि पटक पटक निर्देशन दिइएकोमा केही जिल्लाहरुमा तिव्रताका साथ सर्वेक्षण भैरहेको र केही जिल्लामा हालसम्म पनि सर्वेक्षण शुरु नगरिएको पाईएको छ । यस सर्वेक्षणको संचालनका सम्बन्धमा तपशिल अनुसार गरी २०७६ जेष्ठ मसान्त सम्ममा सर्वेक्षणको कार्य सम्पन्न गर्नुहुन आदेशानुसार अनुरोध गरिन्छ ।

०२।०६

मनोहर घिमिरे
(उप सचिव )

**तपशिलः**

१. छुट तथा पुनः जाँच सर्वेक्षणको स्थलगत लगत संकलन कार्य **२०७६ जेष्ठ मसान्त भित्रमा** सम्पन्न गर्ने गरी कार्य गर्ने ।
२. २०७४ को छुट तथा पुनः जाँच सर्वेक्षणमा लगत संकलन नभएका स्थानीय तहका वडाहरुलाई प्राथमिकतामा राखी सर्वेक्षणको कार्य गर्ने ।

Scanned by CamScanner

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं, २०७२

३. २०७४ को छुट तथा पुनः जाँच सर्वेक्षणमा लगत संकलन भएका स्थानीय तहका वडाहरुमा समेत हाल व्यापक रुपमा गुनासो दर्ता भई सर्वेक्षणका लागि सिफारिश भएको बुझिएकाले नयाँ दर्ता गरिएका गुनासोहरु वास्तविक भूकम्प पीडित हुन् वा होईनन् भनी यकिन गरी मात्र सर्वेक्षण गर्ने ।

४. छुट तथा पुनः जाँच सर्वेक्षणको स्थलगत लगत संकलन कार्य अन्तर्गत कार्य सम्पन्न भएका वडाहरुको संकलित लगत केन्द्रीय सूचना प्रणालीमा नियमित रुपमा पठाउन लगाउने ।

५. छुट तथा पुनः जाँच सर्वेक्षणको स्थलगत लगत संकलन कार्यमा संलग्न प्राविधिकहरुलाई सर्वेक्षण अवधिभर कुनै पनि तालिम, गोष्ठीमा नखटाउने ।

०२।०६

**अवगतार्थ तथा बोधार्थः**

१.श्रीमान् प्रमुख कार्यकारी अधिकृतको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

२.श्रीमान् सचिवज्यूको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

३. श्री संयोजक, केन्द्रीय गुनासो व्यवस्थापन समिति, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

४ श्री महाशाखा प्रमुख, नीति अनुगमन, समन्वय तथा सामाजिक विकास शाखा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

५.श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),ज्वागल ,ललितपुर : उपरोक्त अनुसार गराउनु हुन ।

६.श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन), ववरमहल, काठमाण्डौं : उपरोक्त अनुसार गराउनु हुन ।

Scanned by CamScanner